नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: nsblco@nsbl.com.np

**Nepal SBI Bank Limited**

**Press Release**

Date: 9th January 2023, Monday

**Bank holds its 29th Annual General Meeting (AGM)**
**AGM Approves Distribution of Dividend @ 10.53% (Bonus Shares @3.00% and Cash Dividend @ 7.53%)**

Nepal SBI Bank Limited successfully conducted its 29th Annual General Meeting today at Tribhuvan Army Officers' Club, Bhadrakali, Kathmandu. The AGM approved the Directors Report, Annual Financial Statements (Statement of Financial Position, Statements of Profit or Loss, Statement of Comprehensive Income, Statement of Cash Flow and all the related schedules and notes to the Annual Report) for FY 2078/79 (2021/22).

The meeting resolved to approve distribution of Dividend @ 10.53% (Bonus Shares @ 3.00% and Cash Dividend @ 7.53%) to its shareholders.

The meeting also approved the Audited Consolidated Financial Statements of the Bank including the Audited Financial Statements of the Bank's subsidiary i.e. Nepal SBI Merchant Banking Limited for FY 2078/79 (2021/22).

The meeting has appointed M/s S.A.R. Associates, Chartered Accountants as Statutory Auditor for the FY 2079/80 (2022/23) and ratified their fees. The meeting has also approved amendment proposed under various Clauses/Articles of Memorandum of Association and Articles of Association of the Bank.

The meeting has also approved the resolution to Authorize the Board of Directors to enter into necessary MOU/Agreement for merger with or to acquire other suitable Bank and Financial Institution as well as to perform all necessary functions required for merger/acquisition.

..........................
**Shreedhar Adhikari**
**Company Secretary**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: nsblco@nsbl.com.np

**नेपाल एसबिआई बैंक लिमिटेड**

**प्रेश विज्ञप्ती**

मिति: २०७९/०९/२५, सोमबार

**नेपाल एसबिआई बैंकको २९औं वार्षिक साधारण सभा सम्पन्न**

**शेयरधनीलाई चुक्ता पुँजीमा १०.५३% लाभांश (३.००% बोनश शेयर तथा ७.५३% नगद लाभांश) वितरण गर्ने प्रस्ताव पारित**

नेपाल एसबिआई बैंक लि. का शेयरधनीहरुको २९औं वार्षिक साधारण सभा मिति २०७९ पौष २५ गते (तदनुसार ९ जनवरी २०२३) त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भयो । उक्त सभाले बैंकको आ.व. २०७८/७९ को संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) पारित गऱ्यो ।

सभाले बैंकका शेयरधनीहरुलाई चुक्ता पुँजीमा १०.५३ प्रतिशतका दरले लाभांश (३.००% बोनश शेयर र ७.५३% नगद लाभांश) वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

साधारण सभाले बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण समेत स्वीकृत गरेको छ ।

उक्त साधारण सभाले आ.व. २०७९/८० मा बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्स एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक अनुमोदन गरेको छ । साथै, उक्त सभाले बैंकको प्रबन्धपत्र तथा नियमावलीका विविध दफा/नियममा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

उक्त सभाले बैंकको तर्फबाट अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति ( एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा आवश्यक कामहरु गर्ने/गराउन सक्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

श्रीधर अधिकारी
कम्पनी सचिव

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.